नेपाली／ネパール語

日本年金機構
Japan Pension Service

XXXX XX, 20XX

प्रिय रोजगारदाता,

निर्देशक,
जापान पेन्सन सेवा XXXX शाखा कार्यालय

**रिमाइन्डर: कर्मचारी पेन्सन बीमा र स्वास्थ्य बीमामा आबद्ध हुन आग्रह गर्नेबारे**

केही समय अगाडी हामीले पठाएको चिठीमा कर्मचारी पेन्सन बीमा र कर्मचारी स्वास्थ्य बीमामा आबद्ध हुन आग्रह गरेका थियौं भनेर तपाईंलाई सम्झाउन चाहन्छौं। तर हाम्रो रेकर्डअनुसार तपाईंले यो प्रणाली पूरा गर्नुभएको छैन।

यदि तपाईं आफ्ना कर्मचारीहरूको बीमा कभरेज गर्न सक्नुभएन भने तपाईंको कर्मचारीहरू आवश्यक समयमा चिकित्सा र आय सुरक्षा प्रणालीबाट सुरक्षित रहन सक्दैनन्। साथै हामी तपाईंको कार्यस्थलमा आएर अनुसन्धान गर्नुपर्ने हुन्छ ( कर्मचारी पेन्सन बीमा ऐनको धारा 100 र कर्मचारी स्वास्थ्य बीमा ऐनको धारा 198 मा आधारित) अनि थप कारबाही लाग्न सक्छ।

**XXXX XX, 20XXसम्ममा निम्न शाखा कार्यालयमा गई यो दर्ताको प्रक्रिया पूरा गर्न हामी तपाईंलाई आग्रह गर्दछौं।** कार्यालयमा आउनुहुँदा माइ नम्बर कार्ड (व्यक्तिगत नम्बर कार्ड), पासपोर्ट, बसोबास कार्ड जस्ता **तपाईंको परिचयपत्र अनिवार्य रूपमा लिएर आउनुहोस्।**

केही भाषाहरूमा निशुल्क दोभाषे सेवा उपलब्ध छ तर तपाईं आफैले कोही जापानी भाषा बोल्ने व्यक्ति लिएर आउन पनि सक्नुहुन्छ।

हामी तपाईंको जागरुकताका लागि र तपाईंले आफ्ना कामदारहरूको ख्याल राख्नुभएकोमा आभारी छौं।